*Academic Journal of Sukuna – AJoS: A Peer-reviewed Journal*
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP.145-155*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# धृतराष्ट्र खण्डकाव्यमा प्रगतिशीलता

बालकृष्ण गौतम

शिक्षण सहायक, नेपाली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ

balkrishnagtm123@gmail.com

## लेखसार

प्रस्तुत लेखमा कवि घनश्याम कँडेलद्वारा रचित पौराणिक विषयमा आधारित धृतराष्ट्र खण्डकाव्यको भावगत केन्द्रीय कथ्य विषयलाई प्रगतिवादी अवधारणाका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ । यस आलेखमा प्रस्तुत काव्यको विषयवस्तुगत केन्द्रीय कथ्यमा पाइने प्रगतिशील दृष्टिकोणलाई देखाउने उद्देश्य रहेको छ । यसका लागि प्रगतिवादी मान्यताका सैद्धान्तिक आधारहरू खडा गरी त्यसैका आधारमा विश्लेषण गरिएको छ । यस लेखमा विद्रोही भाव, सामाजिक न्यायको चेत, लोककल्याणकारी भावना, वर्गीय विभेदको विरोध, श्रमसंस्कृति र सौन्दर्यप्रतिको प्रतिबद्धता र सामाजिक रूपान्तरणका लागि युद्ध आवश्यक हुने प्रगतिशील मान्यताको उपयोग गरिएको छ र यिनै पक्षका आधारमा प्रस्तुत खण्डकाव्यको भावगत पक्षलाई नियाल्ने काम गरिएको छ । प्रगतिशीलताका उल्लिखित मान्यताहरूको प्रयोग यस काव्यमा के-कसरी हुन पुगेको छ र खण्डकाव्यका के-कस्ता प्रसङ्गहरूले प्रगतिशील मान्यता प्रयोग भएको पुष्टि गर्दछन् भन्ने तथ्यमा प्रस्तुत लेख केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनमा कवि कँडेलको *धृतराष्ट्र* खण्डकाव्यलाई प्राथमिक स्रोत सामग्रीका रूपमा र यस खण्डकाव्यका सन्दर्भमा लेखिएका लेख, भूमिका, टीकाटिप्पणी तथा समीक्षा र शोधपत्रलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । सामग्री विश्लेषणका क्रममा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यसमा अन्धो भएका कारण नायक धृतराष्ट्रलाई हस्तिनापुरको राजा हुनबाट रोकी राज्यका सम्पूर्ण हकअधिकारबाट वञ्चित गरिँदा न्यायप्राप्तिका लागि उनले गरेका प्रतिशोध र विद्रोहका भावना अभिव्यक्त भएका छन् । यसमा न्यायका ढोका बन्द भई शोषित र पीडित हुँदा वर्गीय विभेदको विरोध र सामाजिक रूपान्तरण गरी समतामूलक समाज निर्माणका लागि युद्ध आवश्यक रहने प्रगतिशील विचार ध्वन्यार्थमा प्रस्तुत भएको छ । प्रगतिवादी तथा मार्क्सवादी मान्यताका आधारमा यस काव्यको कथ्यविषय परिपोषित भएको छैन किनभने राजा वा राजतन्त्रसहितको समाजवाद वा साम्यवाद कस्तो हुने भन्ने मान्यता प्रगतिवादी तथा मार्क्सवादी

सौन्दर्यशास्त्रमा छैन । तसर्थ प्रस्तुत काव्य प्रगतिशील तथा प्रगतिवादोन्मुख प्रवृत्ति भएको काव्य हो भनी यस लेखमा निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* किनारीकृत, प्रगतिवाद, प्रगतिशीलता, श्रमसंस्कृति, यथार्थवादी

## विषयपरिचय

*धृतराष्ट्र* खण्डकाव्यका स्रष्टा घनश्याम कँडेल (२००२) नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनले कविता-काव्य, समालोचना, सम्पादन, अनुवादजस्ता क्षेत्रमा सफलतापूर्वक कलम चलाई नेपाली साहित्यका उन्नयनमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनका लेखनको मूल उर्वर फाँट कविता विधा नै हो । वि.सं. २०२४ सालमा 'हाम्रो संस्कृति' नामक पत्रिकामा 'कर्तव्य' कविता प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका घनश्याम कँडेलले जीवन र जगत्का विभिन्न सन्दर्भमा नौला नौला प्रस्तुति दिएको देखिन्छ (भट्टराई, २०७७, पृ. २३१) । कविता-काव्यका फाँटमा कवि कँडेलका *जीवनका सन्दर्भहरू* (२०५१) कविता सङग्रह, *देवयानी* (२०३९), *उज्यालोतिर* (२०५५), *वनको क्रन्दन* (२०५८), *आँसुका अक्षर* (२०६०), *विश्वामित्रमेनका* (२०६६) र *धृतराष्ट्र* (२०७३) खण्डकाव्य प्रकाशित भइसकेका छन् । पूर्वप्रकाशित सबै खण्डकाव्यलाई एकै ठाउँमा समेटिएको कृति *घनश्याम कँडेलका खण्डकाव्य* (२०७७) देखा परेको छ । यसै गरी उनको *सम्यक् सम्बद्ध* (२०७८) महाकाव्यसमेत प्रकाशित भइसकेको छ । उनका काव्यमा प्राचीन पौराणिक विचार र सन्दर्भलाई मौलिकताका साथ आधुनिक सन्दर्भमा प्रस्तुत गरिएको छ ।

पौराणिक पृष्ठभूमिमा समकालीन यथार्थको स्वर अभिव्यक्त गरी प्रगतिवादी चिन्तन मुखरित गर्नु कँडेलको मूल प्रवृत्तिगत वैशिष्ट्य हो । प्रगतिवादी क्रान्तिकारी चेतना, अध्यात्मप्रतिको आस्था, विश्वब्रह्माण्डप्रतिको रहस्यात्मक दृष्टि, बिम्ब तथा अलङ्कारको स्वाभाविक प्रयोग, अनुष्टुप् छन्दको भावानुसारी नर्तन, परिष्कारपूर्ण भाषाशैली, कला र भावको सन्तुलन आदि उनका कवितामा पाइने विशेषता हुन् (न्यौपाने, २०६०, पृ. ३०) । समाजमा भएका अन्याय, अत्याचार र शोषणको अन्त्य भई सामाजिक न्याय, प्रजातन्त्र एवम् लोकतन्त्रको स्थापना हुनुपर्ने भाव कँडेलका काव्यमा फेला पार्न सकिन्छ । जीवनजगत्मा भएका अन्याय र अत्याचारका विरुद्ध परिवर्तन निम्त्याउन यहाँ क्रान्तिकारी ज्वालामुखी फुट्ने छ र परिवर्तन हुनेछ भन्ने क्रान्तिकारी प्रगतिशील उच्च भावलाई उनका कविता-काव्यमा पढ्न पाइन्छ (भट्टराई, २०७७, पृ. २३३) । कँडेल मार्क्सवादी समालोचना सिद्धान्तका प्रयोक्तासमेत मानिन्छन् (सुवेदी, २०६१, पृ. ३६०) । यसर्थ घनश्याम कँडेललाई मूलतः प्रगतिवादी साहित्यकारका रूपमा चिन्न सकिन्छ । वि.सं.२०७३ सालको मदन पुरस्कारबाट सम्मानित प्रस्तुत *धृतराष्ट्र* खण्डकाव्य पौराणिक मिथकलाई आधुनिक सन्दर्भमा पुनःसर्जन गरिएको काव्य हो । यसमा महाभारतीय कथा बीजलाई पुनर्व्याख्या गरी युगीन चेतना दिइएको छ । *धृतराष्ट्र* खण्डकाव्य महाभारतमा वर्णित पात्र धृतराष्ट्र

यथार्थमा खलनायक नभई अन्यायमा परेको पात्र हो भनी देखाउने सन्दर्भमा संरचित भएको छ (लुइटेल र दाहाल, २०७७, पृ. १७२)। धृतराष्ट्र पात्रलाई महाभारतमा जस्तो खलनायकका रूपमा प्रस्तुत नगरी यस काव्यमा प्रमुख नायकका रूपमा चित्रण गरेर उनकै विचारलाई कविले समर्थन गरेका छन्। कँडेलका पूर्ववर्ती काव्यहरूमा झैँ यस काव्यमा धृतराष्ट्रको वकालत गर्दै धृतराष्ट्रकै माध्यमबाट दुर्योधनको पनि वकालत गरेका छन् (पोखरेल, २०७३, पृ. ख)। अतः कविले महाभारतका खलपात्रप्रति सहानुभूति राख्दै खलत्वको औचित्य र न्यायको वकालत गरिएकाले यस काव्यमा प्रगतिशील दृष्टिकोण रहेको छ। यसलाई प्रगतिशील क्रान्तिकारी खण्डकाव्यका रूपमा लिइन्छ (भट्टराई, २०७७, पृ. २३२)।

*धृतराष्ट्र* खण्डकाव्यमा विषयवस्तुगत केन्द्रीय कथ्यमा के-कसरी प्रगतिवादी दृष्टि उपयोग गरिएको छ भन्ने समस्याको विश्लेषणमा प्रस्तुत अध्ययन केन्द्रित छ। यही प्राज्ञिक समस्यामा आधारित भई प्रस्तुत काव्यको विषयवस्तुगत भावपक्षमा भएका प्रगतिशील दृष्टिलाई देखाउने उद्देश्य यस अध्ययनमा रहेको छ। प्रगतिवादी चेतनाका आधारमा कृति विश्लेषणको ढाँचा बनाई धृतराष्ट्र खण्डकाव्यको प्राज्ञिक विश्लेषण गरिएकाले यस अध्ययनको औचित्य स्वतः पुष्टि भएको छ। यसबाट प्रस्तुत कृतिमा भेटिने प्रगतिशील दृष्टिसम्बद्ध ज्ञानमाथि वस्तुगत रूपमा मौलिक ढङ्गले प्रकाश पारिएको छ। त्यसैले यो अध्ययन महत्त्वपूर्ण बनेको छ। त्यसै गरी प्रगतिशील चेतलाई नै केन्द्रबिन्दु बनाएर धृतराष्ट्र खण्डकाव्यको विश्लेषण नगरिएकाले यो अध्ययन नै प्रगतिशील दृष्टिले मूल्याङ्कन गरिएको पहिलो आलेख हो। यसर्थ पनि यसको औचित्य उच्च रहेको ठहरिन्छ। विश्लेष्य विषयवस्तु र यसबाट प्राप्त हुने ज्ञान सम्बद्ध विषयका जिज्ञासु, अध्येता, शोधार्थी तथा पठनपाठनमा संलग्न व्यक्तिहरूका लागि समेत उपयोगी हुने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ।

प्रगतिवाद सामाजिक, आर्थिक तथा राजनैतिक परिवर्तन गर्ने मूल ध्येयका साथ विकसित सिद्धान्त हो। प्रगतिवाद मार्क्सेली द्वन्द्वात्मक भौतिकवादी चिन्तनलाई अवलम्बन गर्ने साहित्यिक अवधारणा हो (ओझा, २०७५, पृ. ४१)। मार्क्सवादको सौन्दर्यशास्त्रीय यस प्रवृत्तिले समाजका निम्न वर्गप्रति संवदेनशीलता र सहानुभूति राख्दछ। यसले समाजको वर्गीय संरचना भत्काई स्वतन्त्रता, समता र सीमाहीन मानव समुदायको स्थापना गरी सामाजिक अग्रगमनको उद्देश्य राख्दछ। भौतिकवादी वैज्ञानिक विश्वदृष्टि; वर्गसङ्घर्ष; शोषित, पीडित, उपेक्षित तथा सीमान्तकृत वर्गप्रति समभाव; आमूल परिवर्तनको आशावादी चिन्तन; परम्परागत अन्धविश्वासप्रति विरोध; समाज र साहित्यबिचको अभिन्न सम्बन्ध; साहित्य र श्रम संस्कृतिको अभिन्न सम्बन्ध तथा सर्वहारा मानवतावाद प्रगतिवादी काव्यका मूलभूत विशेषता हुन्। प्रगतिवादी साहित्यको विषय मूलतः मानवीय जीवनपद्धति हो र यसलाई समाजरूपी सिपीबाट उत्पन्न मोती मानिन्छ (कडवेल, सन् १९९०, पृ. ११)। यो कुनै दैवी शक्तिबाट प्राप्त भएको आकाशकुसुम नभएर वास्तविक धर्तीका मानिसका श्रमप्रक्रियाकै उपलब्धि हो (मिश्र, सन् १९७३, पृ.

१२४)। प्रगतिवादले नकारात्मक तत्त्वको अवसान र सकारात्मक तत्त्वका उदयको द्वन्द्वात्मक भौतिकवादी अभिलक्षणलाई नै प्रगतिवादी सौन्दर्य मान्दछ।

सबै प्रकारका शोषण, अन्याय, अत्याचार र उत्पीडनबाट मुक्ति प्राप्त गरी सामाजिक न्यायमार्फत आफ्नो जीवन र समाज जब रचनात्मक बन्दछ, तबमात्र मानवजीवन वस्तुतः सुन्दर भएको ठहर्छ। समाजमा उत्पीडक र उत्पीडित वर्ग बिचको द्वन्द्व तथा अन्धविश्वासी र वस्तुवादी, निराशावादी र आशावादी, सङ्घर्षशील र पलायनवादी बिचको द्वन्द्व देखाई सकारात्मक पक्षको विजयलाई मात्र प्रगतिवादी सौन्दर्य मानिन्छ। केन्द्रीय कथ्य विषयलाई कलात्मक बनाउन शिल्पशैलीको सचेत प्रयोग नगरे प्रगतिवादी काव्य भद्दा नारा र गरिब पत्रकारिता बन्न जान्छ। तसर्थ प्रगतिवादी काव्य स्वच्छन्दतावादी कविताजस्तो सहज र स्वतःस्फूर्त अभिव्यक्ति नभई सचेत आयोजना पनि हो। प्रगतिशीलता चाहिँ मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यतालाई आत्मसात् नगरी जनपक्षीय चिन्तनमा केन्द्रित हुन्छ। मार्क्सवादी दर्शनलाई अङ्गीकार नगरीकनै पनि समाजका मान्छेका शोषण, दमन, अन्याय, अत्याचार आदिबाट उन्मुक्तिका पक्षमा आवाज उठाउने साहित्यकार प्रगतिशील मानिन्छ (द्विवेदी, सन् २००९, पृ. ३०६)। प्रगतिशील काव्य-कृतिले समाजमा रहेका अन्याय, अत्याचार, कुरीति, अन्धविश्वास, रूढिवाद आदिको विरोध गर्दै सामाजिक जागरणको चेतना जागृत गराउने कार्य गर्दछ। यिनै सैद्धान्तिक अवधारणाका आधारमा प्रस्तुत *धृतराष्ट्र* खण्डकाव्यलाई नियाल्ने कार्य गरिएको छ।

खण्डकाव्यकार घनश्याम कँडेलका अन्य खण्डकाव्यका सन्दर्भका अनेक परिशीलन गरिए पनि *धृतराष्ट्र* खण्डकाव्यको खासै अध्ययन विश्लेषण भएको देखिँदैन। *धृतराष्ट्र* खण्डकाव्यको भूमिकाका रूपमा पोखरेल (२०७३) ले *धृतराष्ट्र*मा घनश्याम कँडेलको कवित्व शीर्षकमा विचारहरू अभिव्यक्त गरेका छन्। कवि कँडेलले महाभारतीय मिथक प्रयोग गरेर लेखेको *देवयानी* (२०३९) र *विश्वामित्रमेनका* (२०६६) पछिको *धृतराष्ट्र* (२०७३) तेस्रो खण्डकाव्य हो। कँडेल महाभारत र मूल मिथकको कथा स्रोतमै नभएका कुराको पुनर्निर्माण गर्छन्। यस खण्डकाव्यमा पनि कवि कँडेलले मिथकको कथा बिचकै खोल्सामा साँघु र पुल हालेका छन्। कँडेल कानुनका पनि विद्यार्थी हुन्। त्यसैले उनले यस काव्यमा महाभारतको खलपात्रलाई नायक बनाई धृतराष्ट्रकै पक्षमा वकालत गरिरहेका छन्। धृतराष्ट्रको वकालत गर्दै धृतराष्ट्रकै माध्यमबाट दुर्योधनको पनि वकालत गरेका छन्। यस काव्यमा पनि कवि आफूमा धृतराष्ट्रमा देउता चढेर बकेका छन् र धृतराष्ट्रलाई पर्याप्त सहानुभूति दिएका छन् भन्ने कुरा उल्लेख गरेका छन्। यस खण्डकाव्यको कृतज्ञता ज्ञापनमा कवि कँडेलले आत्मालापीय शैलीमा पूर्वस्मृतिका रूपमा लेखिएको खण्डकाव्य *धृतराष्ट्र*मा नायक पनि धृतराष्ट्र हुन् र सम्पूर्ण घटना र प्रसङ्गहरूका प्रस्तोता पनि उनै हुन् भन्दै यसमा खास गरेर अन्धताको समस्या, अन्धा भएका नाताले धृतराष्ट्रले भोग्नुपरेका समस्या, उनीमाथि गरिएका अन्याय र अत्याचारको प्रतिक्रियास्वरूप उनको मनमा पैदा भएका आक्रोश र

प्रतिशोधका भावना, त्यसको प्रतिफलका रूपमा भएको महाभारतको युद्ध, युद्धपछिको उनको मनःस्थिति र अन्त्यमा युद्ध एवम् त्यसका कारणबारे उनका निष्कर्षात्मक विचार उनकै आत्मालापका रूपमा व्यक्त भएका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

*धृतराष्ट्र* खण्डकाव्यमा ज्ञवाली (२०७३) ले 'कवि घनश्याम कँडेल र धृतराष्ट्र' शीर्षकको लेख तथा समीक्षा प्रस्तुत गरेका छन् । उनले कवि कँडेलका काव्यात्मक प्रवृत्तिमाथि चर्चा गर्दै यस खण्डकाव्यको कथानक प्रस्तुत गरेका छन् । कवि कँडेलकै काव्यकारितासँगको काव्यिक प्रतिस्पर्धाका रूपमा देखा परेको यस काव्यमा पौराणिक पात्रमा आधुनिक चेतनाको आरोपण गरिएको लघु आयामको खण्डकाव्य, राजनीतिक आख्यान र जटिल मनोविज्ञानको काव्यिक संश्लेषण गरिएको काव्यका रूपमा उल्लेख गरेका छन् । उनले यस काव्यको सङ्क्षिप्त कथानक प्रस्तुत गरी सङ्गठित, गठिलो र मूल अनुभूति धाराका केन्द्रीयतामा भावाभिव्यक्ति भएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी *आधुनिक नेपाली कविता-काव्य* नामक पुस्तकमा भट्टराई (२०७७) ले *धृतराष्ट्र* खण्डकाव्यमा समाजमा न्यायको अभाव भयो भने त्यहाँ विद्रोहको बीजारोपण हुन्छ अनि कालान्तरमा युद्ध हुने सम्भावना देखिएकाले समाजका सीमान्तकृत वर्गलाई अवसर दिनुपर्छ भन्ने आधुनिक चेतना उल्लेख गरेका छन् ।

यसैगरी *आधुनिक नेपाली कविता-काव्य* पुस्तकमा लुइटेल र दाहाल (२०७७) ले *धृतराष्ट्र* खण्डकाव्यका बारेमा यसरी टिप्पणी गरेका छन् "अन्धाअपाङ्गलाई हेप्नु हुदैन । उनीहरू पनि सबलाङ्ग जतिकै सक्षम हुन्छन् । न्याय दिनेले अन्याय गर्‍यो भने प्रतिशोधको भावना उत्पन्न हुन्छ र यसको ज्वाला भयङ्कर डरलाग्दो हुन्छ । धृतराष्ट्रले प्रतिशोधकै कारण छोरा दुर्योधनलाई शक्तिशाली राजा बनाउन चाहेका कारण महाभारतको युद्ध भएको हो" (पृ. १८३) । उपर्युक्त विश्लेषणहरू मूलतः यस खण्डकाव्यको विषय र काव्यको सङ्गठनात्मक स्वरूपसँग मात्र केन्द्रित छन् । यी विश्लेषणहरूमा प्रगतिशील दृष्टिकोणले यस काव्यको समीक्षण गरिएको पाइँदैन । अतः प्रस्तुत अध्ययनमा प्रगतिशील दृष्टिबाट धृतराष्ट्र खण्डकाव्यको विश्लेषण गरिएको छ ।

## अध्ययन विधि र सामग्री

प्रस्तुत आलेखमा सामग्री सङ्कलनका सन्दर्भमा प्राथमिक स्रोतका रूपमा खण्डकाव्यकार घनश्याम कँडेलद्वारा लिखित धृतराष्ट्र खण्डकाव्यलाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा धृतराष्ट्र खण्डकाव्यका बारेमा लेखिएका सामग्रीहरू र प्रगतिवादी चेतनासँग सम्बन्धितसामग्रीहरूको उपयोग गरिएको छ । प्रगतिशील चेतका आधारमा विश्लेषण गरिएको प्रस्तुत अध्ययन मूलतः गुणात्मक प्रकृतिको रहेको छ । यसमा सामग्रीको विश्लेषण वर्णनात्मक र विश्लेषणात्मक विधिद्वारा गरिएको छ ।

## नतिजा तथा छलफल

प्रस्तुत धृतराष्ट्र खण्डकाव्यको आख्यानात्मक विषयवस्तु सात सर्गमा संरचित छ । अन्धत्व चेत, संवदेनाहीनहरूप्रति, सत्तास्वप्न, स्वप्नभङ्ग, अप्रत्याशित राज्यप्राप्ति, युद्धको त्रासदीपछि र समाहार गरी प्रत्येक सर्गको नामकरण समेत गरिएको छ । प्रस्तुत काव्यको केन्द्रीय कथ्यमा भेटिने प्रगतिशील चिन्तनलाई यस लेखमा वस्तुगत ढङ्गले समीक्षण गरिएको छ ।

### अन्धताचेतपछि विकसित भएको विद्रोही भाव

धृतराष्ट्र काव्यका नायक धृतराष्ट आफू अन्धो भएको बोध गरेपछि विद्रोही बन्दछन् । उनलाई बाल्यकालमा अन्धताको चेत नभएकाले अरू बालक सरह नै आफू पनि हस्तिनापुरको राजकुलमा आफ्नो शैशवकाल खुसीसाथ बिताएको अनुभव गरेका छन् तर अरूकै मुखबाट आफू दृष्टिविहीन भएको चर्चा सुन्न थालेपछि बिस्तारै उनमा अन्धताको बोध भई अनेक जिज्ञासा, आकाङ्क्षा र उत्सुकताहरू जागृत हुन्छन् । आफू अन्धो भएर जन्मिनाको रहस्य सबैलाई सोधे पनि चित्त बुझ्दो जवाफ पाएनन् । विधाता र भाग्यको खेल तथा स्वकर्मको भाग आदि कुरामा धृतराष्ट्रको अविश्वास र असहमति छ । भाग्यप्रतिको विरोध र श्रम संस्कृतिको समर्थन तथा न्यायसङ्गत समाजको निर्माण विधाताले गर्न नसकेकामा उनमा विद्रोही चेतना प्रकट भएको छ । अन्धोपनबाट निराश भई जीवनबाट नभाग्ने बरु आफ्नो हक र अधिकार प्राप्तिका लागि सङ्घर्ष गरेर बाँच्ने दृढ सङ्कल्प धृतराष्ट्रले लिएका छन् । जिन्दगी नभए सबै सकिन्छ भन्दै धृतराष्ट्र आफू भोग्न आएकाले जे परे पनि भोग्ने तर जिन्दगीबाट भागेर टाढा नजाने दृढता प्रकट गर्दछन् (लुइटेल र दाहाल, २०७०, पृ. १७३) । जीवनमा आशावादी भएर सङ्घर्ष गर्दै अगाडि बढ्ने उनको विद्रोही चेत यसरी प्रस्तुत भएको छः

भने हुँ भोग्न आएको, म भोग्छु जे परे पनि
जिन्दगीबाट भागेर पर जान्नँ कतै पनि (पृ. २४) ।

### संवेदनाहीनहरूप्रति व्यङ्ग्य तथा सामाजिक न्यायको उद्घोष

अन्धा-अपाङ्गहरूलाई हेयका दृष्टिले हेर्नेहरूप्रति व्यङ्ग्य गर्दै यिनीहरू संवेदनाहीन भएको संज्ञा धृतराष्ट्रले दिएका छन् । धृतराष्ट्रजस्ता किनारीकृत वर्गलाई खुसीसाथ बाँच्न नदिने परपीडक प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै खण्डकाव्यकारले सामाजिक न्याय र समता हुनुपर्ने प्रगतिशील दृष्टि राखेको देखिन्छ । नायक धृतराष्ट्रकी आमा अम्बिकालाई वेदव्याससँगका सम्बन्धमा अनेक लाञ्छना लगाउने, मान्छे नजिक हुँदा मिठो कुरा गर्ने र टाढा हुँदा सर्पझैँ विष वमन गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्दै अपाङ्ग र सबलाङ्ग दुवैले सामाजिक र वैचारिक रूपमा सामाजिक न्याय र समता प्राप्त गर्नु पर्ने केन्द्रीय कथ्यलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

कि हुन्छ परपीडाको यो प्रवृत्ति सबैसित

दिँदैन बस्न मान्छेले मान्छेलाई खुसीसित (पृ. २७)।

जो हाँस्छन्, व्यङ्ग्य गर्छन् जो विकलाङ्गहरूप्रति

लाग्छ ती गर्दछन् व्यङ्ग्य सारा मानवताप्रति (पृ. २८)।

मिठा सम्भावना मेरा, छन् सुषुप्त मभित्र नै

ढिलो चाँढो कुनै बेला व्युझने छन् अवश्य नै (पृ. ४०)।

यसरी सामाजिक असमानताप्रति व्यङ्ग्य र विरोध गर्दै समतामूलक समाज निर्माणको चेतना जागृत हुने विश्वास यस काव्यमा गरिएको छ।

**लोक कल्याणकारी राज्य स्थापनाको चाहना**

कुरुवंशका जेष्ठ पुत्र धृतराष्ट्र जब हस्तिनापुरको राजा हुने कल्पना गर्दछन् तब उनमा राज्यप्रतिको मोह प्रबल भएर आउँछ र आफना राज्यलाई लोक कल्याणकारी राज्य बनाउने सुन्दर कल्पना गर्दछन्। हस्तिनापुरको शासनव्यवस्था न्यायोचित बनाउने, आफू र नागरिकलाई स्वतन्त्र बनाउने, असल र खराब कार्य गर्नेलाई पुरस्कार र दण्डको व्यवस्था गर्ने विचार यस काव्यमा यसरी प्रस्तुत गरिएको छः

स्थिति हेरेर बन्ने छु म कठोर र कोमल

मेरो शासनको शक्ति हुने छ न्याय केवल (पृ. ३१)।

लोक कल्याणका लागि जो छन् सधैँ समर्पित

राज्यले पनि गर्ने छ त्यसलाई पुरस्कृत (पृ. ३२)।

यसरी स्वतन्त्रता, समता र कानुनी राज्यको सुशासन स्थापना गर्ने अवधारणा यस काव्यका पाइनुलाई पनि प्रगतिशील दृष्टिकै उपज मानिन्छ।

**वर्गीय विभेदको विरोध**

सामाजिक असमानता, गरिबी, अव्यवस्था, शोषण र उत्पीडनजस्ता सामाजिक विकृतिबाट उन्मुक्ति प्राप्त गर्न वर्गहीन समाजको स्थापना आवश्यक हुन्छ। यसका लागि वर्गसङ्घर्ष आवश्यक छ। वर्ग सङ्घर्ष सामाजिक, आर्थिक, राजनैतिक र विचारात्मक प्रकृतिका हुन्छन्। यस काव्यमा धृतराष्ट्रलाई राजा हुनबाट वञ्चित गराउने सन्दर्भमा सामाजिक, राजनैतिक र विचारात्मक वर्गीय विरोध देखिन्छ। धृतराष्ट्र र दुर्योधन शोषित र सीमान्तकृत वर्ग हुन् भने पाण्डु, पाण्डव, भीष्म, विदुर र श्रीकृष्ण शोषकवर्गका प्रतीक हुन्। यिनीहरूले धृतराष्ट्रलाई अन्धो भएको कारण देखाई षड्यन्त्र गरी राजा हुनबाट रोकेर शोषण गरेका छन्। यसरी यस काव्यमा पौराणिक विषयलाई युगीनता प्रदान गरी आधुनिक चेतना प्रदान गरिएको छ। धृतराष्ट्रका चिन्तन आशावादी, सङ्घर्षशील र वस्तुवादी छन्। नायक धृतराष्ट्रलाई दृष्टिविहीनको दोष देखाई शोषकवर्गका भारदारहरूले षड्यन्त्र गरी भाइ पाण्डुलाई राजा

बनाएपछि धृतराष्ट्रमा प्रतिशोधको ज्वाला बल्दछ र केही समय राजा भई पाण्डुको मृत्युपछि अप्रत्यासित राज्यप्राप्ति भए पनि धृतराष्ट्रले आफूलाई अन्याय नै भएको ठहर गरेका छन्। धृतराष्ट्रका प्रतिक्रिया यसरी अभिव्यक्त भएका छन् :

अब बाँच्छु भने बाँच्छु बदला लिन मात्र म
सक्ला कि बदलाबाट मनको डाह मेटिन (पृ. ४२)।
राजा हुनु त हो मेरो यौटा संयोग मात्र नै
पाएको छैनँ मैले त्यो गुमेको अधिकार नै (पृ. ४३)।
सुर्याउँछु सकेसम्म यो दुर्योधनलाई म
सकोस्  भोलि उसैले नै आँधी-बेहरी ल्याउन ( पृ. ४४)।

यसरी शोषित वर्गले विद्रोह गरी न्याय प्राप्त गरेर वर्गीय विभेदको विरोध गरिएको भाव यस काव्यमा फेला पार्न सकिन्छ। अन्तर्निहित क्षमता मुखरित गर्न र अधिकार प्राप्तिका लागि अविराम सङ्घर्ष गर्न दृष्टिविहीन तथा अपाङ्गता भएका साथै किनारीकृत, पिछडिएका, दलित, महिला आदि सबैलाई धृतराष्ट्र खण्डकाव्य प्रेरणाको स्रोत रहेको देखिन्छ (भट्टराई, २०७७, पृ. २३८)।

**श्रमसौन्दर्यमा विश्वास गर्नु**

धृतराष्ट्र खण्डकाव्यमा मानवीय श्रम संस्कृतिको महत्त्व र गरिमाको उच्च सम्मान र प्रशंसा गर्दै मानव समुदाय निरन्तर कर्ममा लाग्नु पर्ने कर्मवादी दृष्टि प्रस्तुत गरिएको छ। नायक धृतराष्ट्र अन्धविश्वासी मान्यता र भाग्यवादको विरोध गर्दै श्रम सौन्दर्यको वकालत यसरी गर्दछन्ः

भूमिका भाग्यको मात्र हुन्छ जीवनमा भने
बसे भो हात बाँधेर काममा किन जोतिने (पृ. २२)।
यदि हो त्यो विधाता नै यो सारा सृष्टिचालक
किन सृष्टि बनाएन उसले न्यायसङ्गत (पृ. २२) ?
म गर्छु होसले काम, अरूमा जोस भर्छु म
म दिन्छु प्रेरणा पोख्न राज्यमा सबको श्रम (पृ. ३५)।

यसरी नायक धृतराष्ट्र होसमा काम गरेर अरूमा जोस भर्ने सामर्थ्य रहेको तथा सबैको श्रमलाई प्रेरित गरी राज्यलाई उन्नत र अखण्ड बनाउने प्रण गर्दछन् (लुइटेल र दाहाल, २०७७, पृ. १७४)। शारीरिक अपाङ्ग हुँदैमा मानिस दुर्बल र असक्षम हुँदैन, वैचारिक अपाङ्ग चाहिँ हुनुहुँदैन। शारीरिक रूपमा अशक्त मानिसले पनि

इच्छाशक्ति, कामशक्ति, धैर्य, साहस र अभ्यासद्वारा आफूलाई सबल र सक्षम बनाउने श्रमवादी र कर्मवादी मान्यता यस काव्यका रहेको  छ।

**युद्धको त्रासदीपछिको चिन्तन**

महाभारतको युद्ध समाप्तिसँगै धृतराष्ट्रका सबै छोराहरूको वीरगति प्राप्ति भयो। धृतराष्ट्रले आफ्नो वंशलाई शोषण र दमन गरी उपेक्षित बनाउने शोषकवर्गप्रति विरोध गरेका छन् र बदलाको भावनाले घाइते सिंहजस्तै भएका छन्। अरूले भगवान् मानेका कृष्ण नै शोषकका प्रतीक भएको ठहर उनले गरेका छन्। अर्जुनले युद्ध नलड्ने विचार व्यक्त गरेका सन्दर्भमा कृष्णले नै अर्जुनलाई स्वधर्मको ज्ञान पढाएर युद्धमा होमेको हुनाले कृष्ण परम शत्रु र वैरी भएको विचार धृतराष्ट्र यसरी अभिव्यक्त गर्दछन् :

मेरा लागि त हुन् कृष्ण वैरी बिर्सी नसक्नुकै
बचेनन् तिनले गर्दा मेरो त वंशमै कुनै (पृ. ५४)।

कृष्णभित्र कौरवप्रति डाहा र ईर्ष्याको भाव आउनु र पाण्डवहरूलाई उक्साएर कौरववंशको सर्वसंहार गराउनुमा सर्वाधिक हात कृष्णकै छ। कुलगुरु द्रोणाचार्य तथा पितामह भीष्मलगायत अनगिन्ती महारथीको हत्या गर्ने छली, कपटी र निदर्यी कृष्णप्रति वैचारिक असहमति राख्दै एकदिन निश्चय नै सत्य-यथार्थको विजय हुने उद्घोष धृतराष्ट्रले राखेका छन्।

**सामाजिक रूपान्तरणका लागि युद्ध**

महाभारतको नरसंहारकारी युद्धको अन्त्यपछि धृतराष्ट्रका वंशमा उनीमात्रै एक्लो र निरीह पात्रका रूपमा बाँच्न विवश भए। यस सन्दर्भमा उनले बाल्यकालदेखि अहिलेसम्मको आफूमाथि भएको चरम शोषण, अन्याय र अत्याचारको अनुभव गरेका छन्। उनले युद्धसम्बन्धी आफ्ना निष्कर्षात्मक धारणाहरू व्यक्त गरेका छन्। संसार युद्धबिना रहन नसक्ने भन्दै जब व्यक्ति अन्याय र शोषणमा पर्छ तब आफ्ना हक अधिकारको रक्षाका लागि युद्ध नै विद्रोहको माध्यम बन्ने कुरा यस काव्यमा कवि कँडेलले यसरी गरेका छन् :

नपरेको भए बन्न अन्यायको सिकार म
बन्धुकै किन गर्थें र त्यसरी प्रतिकार म। (पृ. ५८)
थुनिन्छन् न्यायका ढोका हुन्नन् बाटा विकल्पका
बन्दो रहेछ त्यो बेला बाटो विद्रोह नै सदा॥ (पृ. ५९)

धृतराष्ट्रले आफूमाथि अत्याचार हुँदा युद्धबाहेक अर्को विकल्प नदेखेको र अन्यायको सिकार बन्नु नपरेको भए युद्ध नरोज्ने अभिव्यक्ति पनि यसरी गरेका छन्:

ठान्छन् सम्भावना छैन जब ती न्यायको कुनै

त्यो बेला थाल्दछन् खोज्न न्याय ती युद्ध क्षेत्रमै (पृ. ५९)।

न्याय पाए सबैले नै भए निष्पक्ष शासन

सकिन्थ्यो गर्न उद्घोष गए ती युद्धका दिन (पृ. ५९)।

निष्पक्ष तथा समतामूलक समाज निर्माण भए युद्धको आवश्यकता नपर्ने तर दबिएकालाई झन् दबाउन खोजे कुनै बेला युद्धबाट न्याय खोजिन्छ भन्ने विचार यस काव्यमा प्रस्तुत गरिएको छ। अतः सामाजिक रूपान्तरणका लागि युद्ध आवश्यक हुने ठहर यस काव्यमा रहेको देखिन्छ।

**निष्कर्ष**

मार्क्सवादको सौन्दर्यात्मक अभिव्यक्ति नै प्रगतिवाद भएकाले यसले शोषक र शोषितका बिचको सामाजिक, आर्थिक र वैचारिक अन्तर्विरोध ठम्याई समाजको यथार्थ चित्रणका माध्यमले समतामूलक समाज निर्माणको दिशाबोध गराउँदछ। खण्डकाव्यकार घनश्याम कँडेलको धृतराष्ट्र खण्डकाव्यको विषयवस्तुगत केन्द्रीय कथ्यले प्रगतिशील दृष्टिकोणलाई अवलम्बन गरेको देखिन्छ। पौराणिक ग्रन्थ महाभारतको कथाबीजलाई आधार बनाई आधुनिक चेतना भरिएको यस काव्यमा समाज परिवर्तनका बाधक तत्त्वहरूको छानबिन गरी ती तत्त्वहरूलाई हटाई समतामूलक समाज निर्माण हुनुपर्ने अग्रगामी मान्यता प्रस्तुत गरेको छ। यस खण्डकाव्यले महाभारतको खलपात्रका रूपका प्रस्तुत गरेको कुरुवंशका जेठा छोरा हस्तिनापुर राज्यमा राजा हुने उत्तराधिकारी भएर पनि राज्य अधिकारबाट वञ्चित धृतराष्ट्रलाई नायक बनाई क्रान्तिकारी नवीन चेतना भरेको छ। दृष्टिविहीन भएकै कारण राजा हुने अवसरबाट श्रीकृष्ण, पाण्डव, विदुरजस्ता शोषक पात्रले षड्यन्त्र गरी राज्यका सम्पूर्ण अधिकारबाट धृतराष्ट्रलाई  वञ्चित गरी शोषण गरेका छन्। अन्धता भएकै कारण उनलाई बाल्यकालीन अवस्थादेखि नै समाजले उपहासको पात्र बनाएको र यसबाट उनलाई पीडाबोध भई प्रतिशोधको भावना लिई वैचारिक विद्रोह गरेको विचार प्रस्तुत गरिएको छ। प्रगतिवादी आदर्श मान्यताका कसीमा प्रस्तुत काव्यको कथ्यविषय तथा चिन्तन परिपुष्ट नदेखिएकाले यो काव्य प्रगतिवादोन्मुख तथा प्रगतिशील काव्यका रूपमा रहेको देखिन्छ।

प्रस्तुत *धृतराष्ट्र* खण्डकाव्यमा पात्र धृतराष्ट्रमा अन्धताचेतपछि विकसित भएको विद्रोही भाव अभिव्यक्त गर्दै उनलाई अन्धो भनी उपहास गर्ने संवेदनाहीन शोषक वर्गप्रति विरोध गरी सामाजिक न्यायको भावना हुनुपर्ने मान्यता ध्वनित गरिएको छ। धृतराष्ट्रले राजा भई सबै जनतालाई समान न्याय र सुविधा दिएर लोककल्याणकारी राज्यको स्थापना गर्ने लक्ष्य लिएको देखिन्छ। वर्गीय विभेदको विरोध गरी अन्धाअपाङ्गहरूलाई पनि अवसर र न्याय दिएर सामाजिक रूपान्तरण गर्नुपर्ने प्रतिशील दृष्टि यस काव्यमा प्रस्तुत भएको पाइन्छ। काव्यमा अन्धविश्वास, कुरीति र भाग्यवादको विरोध गर्दै श्रमसौन्दर्यमा विश्वास गरी कर्मवादी र जीवनवादी अग्रगमनको

चेतना अभिव्यञ्जित छ। यसै गरी यस काव्यमा सामाजिक परिवर्तनका लागि युद्ध आवश्यक ठानिएको छ। धृतराष्ट्रजस्ता पात्रलाई राज्य प्राप्तिका हक र अधिकारबाट जब वञ्चित गरिन्छ, तब विद्रोह र युद्धमार्फत समतामूलक समाजको निर्माणमा लाग्नुपर्ने प्रगतिशील मान्यता यस खण्डकाव्यमा स्पष्ट देखिन्छ। तसर्थ प्रस्तुत खण्डकाव्य एउटा प्रगतिशील दृष्टि बोकेको काव्यका रूपमा देखा परेको छ।

## सन्दर्भसूची


ओझा, रामनाथ (२०७५), *नेपाली कविता काव्य,* करुधरा पब्लिकेसन प्रा.लि.।

कँडेल, घनश्याम (२०७३), *धृतराष्ट्र,* ऐरावती प्रकाशन प्रा.लि.।

कडबेल, क्रिस्टोफर (सन् १९९०), *विभ्रम और यथार्थ, भगवान सिंह (अनु.),* राजकमल प्रकाशन।

ज्ञवाली, रामप्रसाद (२०७३), *कवि घनश्याम कँडेल र धृतराष्ट्र,* लेखक घनश्याम कँडेल, ऐरावती प्रकाशन प्रा. लि. पृ. ६०-९६।

तिमल्सेना, पशुपतिनाथ (२०६४), *प्रगतिवादी कविता, मान्यता र प्रवृत्ति,* ओजन बुक प्रा. लि.।

न्यौपाने, दीपकप्रसाद (२०६०), *घनश्याम उपाध्याय कँडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग।

पोखरेल, बद्रीविशाल (२०६५), *प्रगतिवादी कविता सिद्धान्त र प्रवृत्ति,* मिथिला पोखरेल।

पोखरेल, माधवप्रसाद (२०७३), *धृतराष्ट्रमा घनश्याम कँडेलको कवित्व,* लेखक घनश्याम कँडेल, ऐरावती प्रकाशन प्रा.लि. पृ. क-झ।

भट्टराई, श्यामप्रसाद (२०७७), *आधुनिक नेपाली कविता-काव्य,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा. लि.।

मिश्र, शिवकुमार (सन् १९७३), *मार्क्सवादी साहित्य चिन्तन,* हिन्दीग्रन्थ अकादमी।

लुइटेल, कल्पना र दाहाल, दुर्गाप्रसाद (२०७७), *आधुनिक नेपाली कविता र काव्य,* एम. के. पब्लिसर्स एन्ड ड्रिस्ट्रिब्युटर्स।

लुइटेल, खगेन्द्र (२०६८), *कविता सिद्धान्त र नेपाली कविताको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।